# मधेशी आयोग
## ज्वागल, ललितपुर

पत्र संख्याः २०८०/८१
चलानी नं.:

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५


मधेशी आयोग
ज्वागल, ललितपुर

मितिः २०८०।०६।१८

# प्रेस विज्ञप्ति

**जितियाको शुभकामना !**

प्रायः हिन्दु विवाहिता महिलाहरुद्धारा गरिने पवित्र र निर्जला व्रत जितिया/जिवित पुत्रिका व्रत हो। यस व्रतका व्रतीहरुले आश्विन कृष्ण सप्तमीदेखि शुरुगरी अष्टमीका दिन निर्जला व्रतमा रही भगवान् जीतमहानको पूजा-आराधना गर्दछिन् र नवमीका दिन भगवान् जीतमहानको अन्तिम पूजा गरी व्रतको समापन गर्दछिन् जसलाई **"पारन/पार्वन"** भनिन्छ। यो व्रत परिवारजनको सुख, शान्ति, प्रगति, उन्नति, समृद्धि, सुस्वास्थ्य एवं दिर्घायुको लागि गर्ने गरिन्छ। यो व्रतमा समानता, सौहार्द्रता, सामाजिक एकता, सांस्कृतिक विश्वसनीयता, पवित्रताका साथै प्रकृतिमा रहेका जीव-सजीवको पूजा गरिन्छ।

यस व्रतका व्रती लगायत परिवारजनले "नहा खा" का दिन चिउरा-दही, कोदोका रोटी सहितका भोजन ग्रहण गर्दछन् । व्रतीहरुले आ-आफ्ना पुर्वजलाई श्रद्धा पुर्वक पोखरी, ईनार वा खोलाको तटमा तेल, खरी लगायतका सामग्रीहरुले पूजा गरी श्रद्धाञ्जली अर्पण गर्दछिन्। यो व्रत सोह्र श्राद्धको अवधिमै हुने भएकोले यसको विशेष महत्त्व रहेको छ ।

यस वर्षको यो पर्व आश्विन १८, १९ र २० गते रहेको छ । समान सोच र समान बुझाईको यो पर्वमा सामाजिक र सांस्कृतिक एकताको लागि मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले सार्वजनिक विदा दिने गरेको छ। यो पर्वले सबैमा ऐश्वर्यता र माधुर्यता थप गरोस्। यसको मंगलमय शुभकामना अर्पण ।

.............................
(रुद्र प्रसाद लामिछाने)
सचिव